**प्रभु बैंक लिमिटेड, शाखा कार्यालय महादेवफाँट, नुवाकोटका, तपसिलमा उल्लिखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गर्ने बारेको ७ (सात) दिने सार्वजनिक सूचना**

**(सूचना प्रकाशित मिति २०८३/०२/०८ गते शुक्रबारको कारोबार राष्ट्रिय दैनिक)**

यस बैंक (साविक सेञ्चुरी कमर्सियल बैंक लि.) का तपसिलमा उल्लेखित ऋणीले बिभिन्न शिर्षक अन्तरगत लिनु भएको ऋण कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धी शर्त कबुलियत उल्लघंन गर्नु भएकोले निज ऋणीलाई कर्जा चुक्ता भुक्तानको लागि पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्न गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितो सुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधि भित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्न सिफारिस गरीने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी वोलपत्रको माध्यमबाट लिलाम बिक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिन भित्र गोप्य शिलबन्दी बोलपत्र बैंकको **महादेवफाँट, नुवाकोटमा** दाखिल गर्नु हुन ईच्छुक व्यक्ति तथा संगठित संस्था सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति २०८३/०३/१९ गते शुक्रबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको दिन) यस बैंकको शाखा कार्यालय **महादेवफाँट, नुवाकोटमा** दिनको ठीक ३:०० बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, इच्छुक बोलपत्र दाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराइन्छ । कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराइछ ।

**तपसिल**

**ऋणी तथा जमानतकर्ताको विवरण :**

**१ ऋणी :** प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, उद्योग बाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग विभाग विदुर, नुवाकोटमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७१/०९/२४ मा दर्ता भई प्रा.फ.द.नं. १४६९/३१७८/०७१/०७२ कायम भई नेपाल सरकार, अर्थ मन्त्रालय आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय, गल्छीबाट मिति २०७१/१०/०४ मा करदाताको नाम मन विर मिजार कारोवारको नाम मसिही एग्रिकल्चर फार्म भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाणपत्र नं. ६०२९३०१७४ को प्रमाणपत्र प्राप्त **मसिहि एग्रिकल्चर फार्म** ।

**फर्मको ठेगाना :** नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. ७, रातमाटे ।

**प्रोपाइटर तथा जमानतकर्ता : मनविर मिजार**
(ना.प्र.नं. २५१०४६/६८४२, जारी मिति २०६८/०९/१२, जारी गर्ने कार्यालय जि.प्र.का. नुवाकोट) । ठेगाना : नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. ७ (साविक रातमाटे गा.वि.स. वडा नं. ८) ।
बाबु : सप्तलाल मिजार ।
बाजे : पञ्चलाल मिजार ।

**जमानतकर्ता : विमला तमाङ मिजार** (ना.प्र.नं. २५-०१-७५-०१९४०, जारी मिति २०७५/०३/०३, जारी गर्ने कार्यालय : जि.प्र.का. नुवाकोट) । ठेगाना : नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. ७ ।
बाबु : चन्द्र बहादुर तामाङ ।
पति : मन विर मिजार ।
ससुरा : सप्तलाल मिजार ।

**जमानतकर्ता : रिता मिजार** (ना.प्र.नं. २५-०१-७०-१४८४२, जारी मिति २०७०/११/१४, जारी गर्ने कार्यालय : जि.प्र.का. नुवाकोट) ।
ठेगाना : नुवाकोट जिल्ला बेलकोटगढी न.पा. वडा नं. ७ (साविक रातमाटे गा.वि.स. वडा नं. ८) ।
बाबु : गोरे मिजार ।
पति : मनविर मिजार । ससुरा : सप्तलाल मिजार ।

**लिलाम विक्री हुने धितो सुरक्षणको बिवरण :**

१. मन विर मिजारको नाममा मालपोत कार्यालय नुवाकोटमा दर्ता श्रेष्ता कायम रहेको नुवाकोट जिल्ला रातमाटे गा.वि.स. वडा नं. ८, नक्सा सिट नं. ८, स्थित कित्ता नं. १४१६ क्षेत्रफल २-६-२-२ (रोपनि)को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापात समेत..................१
२. ऋणी **मसिहि एग्रिकल्चर फार्म**को स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण..........१

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र र **शाखा कार्यालय महादेवफाँट, नुवाकोटबाट** प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ ।
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र **शाखा कार्यालय महादेवफाँट, नुवाकोटमा** सम्पर्क राख्न सकिनेछ ।

PRABHU BANK

**प्रभु बैंक लिमिटेड**
**प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल**
**फोन नं. : ०१-५७१९०००**

Size: 3x25